# एकडारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# एकडारा, महोत्तरी
# मधेश प्रदेश

## बजेट, नीति तथा कार्यक्रम (आ.व. २०८१/०८२)

**आदरनीय प्रमुख अतिथि**
**पूर्व आन्तरिक मामिला तथा कानून राज्यमन्त्री मा. श्री सरोज सिंह कुशवाहा ज्यू,**
**उपस्थिति सम्पुर्ण बिशिष्ट अतिथि ज्यूहरु,**
**उपस्थिति अतिथि ज्यूहरु,**
**उपस्थित विभिन्न राजनीतिक  दलका पार्टी प्रतिनिधि ज्युहरु,**
**उपस्थित उपाध्यक्ष ज्यू,**
**गाउँ सभासदस्य ज्यूहरु,**
**नागरिक समाज तथा वुद्धिजिवी बर्ग,**
**जिल्ला स्थित कार्यालय प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**
**विभिन्न संघ संस्था एवंम कार्यालयहरुबाट पाल्नुभएका प्रतिनिधि ज्यूहरु,**
**यस पालिकाका कार्यलाय प्रमुख, सम्पुर्ण कर्मचारी मित्रहरु तथा सेवा निवृत राष्ट्रसेवक कर्मचारीगण,**
**पत्रकार ज्यूहरु, सुरक्षाकर्मीहरु तथा उपस्थित महिला एवं सज्जन बृन्दमा नमस्कार तथा हार्दिक अभिनन्दन |**

यस गरिमामय सभामा यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को ११ औँ वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण गाउँ सभा सदस्य ज्युहरु, कर्मचारीवर्ग,आम जनसमुदाय लगायत सम्पूर्णमा हार्दिक आभार सहित म लगायत एकडारा गाउँपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनितिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएको जन आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्गत गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति पुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचणका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले अगामी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम मार्फत अभिमुख गरेका छौँ । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्य स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु, उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिकाको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायिक साझेदारीमा विकासको अवधारणा लिएकोछु ।

- यस नीति तथा कार्यक्रमले मानवीय क्षमता बिकास,महिला शसक्तिकरण, लैंगिक समानता, कृषिमा आत्म निर्भरता, पूर्वधार निर्माण, सामाजिक सुरक्षामा सहज पहुँच,संचार तथा प्रविधि, उद्यमशीलता विकास र आन्तरिक रोजगारी अभिबृद्धि, गरिबी न्यूनीकरण, दिगो बिकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छु।
- सभा सदस्य ज्यूहरु,
  अव म चालु आ.व. २०८०/०८१ को समष्टीगत उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु।

  **आर्थिक विकास तर्फका उपल्बधीहरु**

  - अन्नवाली उपत्पादन वृद्धिको लागि ५०% प्रतिशत अनुदानमा गाउँपालिकाभित्रका कृषकहरुलाई उन्नत जातका ३३ मेट्रिक टन गेहुको विउ वितरण गरिएको छ।
  - वडा नं. २ र ३ मा वडास्तरीय कार्यक्रमबाट किसानहरुलाई स्प्रेयर ट्याङ्की वितरण गरिएको छ।
  - माहामारीको रुपमा पशुधनमा फैलिएको लम्पी स्कीन पूर्ण रुपमा नियन्त्रण गरिएको छ।
  - वडा नं. १ र ३ मा धानवालीको पकेट संचालन गरी सिंचाईको लागि ८५% प्रतिशत अनुदानमा स्यालो ट्यूवल जडान गरिएको छ।
  - पर्यटन पूर्वाधार विकास अन्तर्गत वहेडा शिव मन्दिर, कोल्हुवा पोखरी, रामजानकी मन्दिर भटौलियाको पूर्वाधार विकास कार्यलाई निरन्तर चलिरहेको छ।
  - कृषि सिंचाईको लागि निःशुल्क कृषि मिटर र निःशुल्क विजुलीको व्यवस्था मिलाइएको छ।
  - प्रधानमन्त्री रोजगार कार्यक्रम द्वारा यस गाउँपालिका भित्रका सूचिकृत ५४ जना वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराइएको छ।
  - गाउँपालिका र खाद्यय पोषण सुरक्षा आयोजनाको संयुक्त समन्वयमा वडा नं. २ मा कृषि संचाईको लागि डिप ट्यूवेल जडान गरी संचालनमा ल्याइएको छ।

  **सामाजिक विकास तर्फका उपल्बधीहरु**

  - विद्यालय पूर्वाधार विकास अन्तर्गत बेला, भटौलिया, अजमरपट्टी, कोल्हुवा वगेयाको अधुरो भवनहरुको निर्माण सम्पन्न गरिएको छ।
  - युवाहरुलाई खेलप्रति उत्साहित बनाउन खेलकुद समाग्री वितरण गरिनुको साथै गाउँपालिका अध्यक्ष टि-२० क्रिकेट टुनामेन्ट प्रतियोगिता सम्पन्न गरिएको छ।
  - एकडारा गाउँपालिका १० वर्षे शिक्षा रणनैतिक योजना बनाउन सफल भएको छु।
  - वडा नं. ५ बथनाहामा नयाँ विद्यालय स्थापना गर्न सफल भएको छु।
  - यस पालिबाट सामाजिक सुरक्षा भत्ता खाने सम्पूर्ण लाभग्राहीहरुलाई विद्युतीय प्रणाली EFT मार्फत समयमै सामाजिक सुरक्षा भत्ता वितरण गर्न सफल भएको छु।
  - समुहमा आवद्ध महिलाहरुलाई सिपमुलक उद्यम विकास सम्बन्धी तालिम दिइ आय आर्जनका क्रियाकलापमा सहभागी गराउने पहल गरेको छु।
  - स्वास्थ्य चौकी एकडारामा प्रयोगशाला र युएसजी सेवा संचालनमा ल्याइएको छ।

- आयुर्वेदिक चिकित्सा पद्दतीलाई आत्मसाथ गर्दै नागरीक आरोग्य केन्द्र वहेडालाई सुदृढीकरण गरी नियमित सेवा संचालन गरिएको छ।
- लोपहुदै गएको झिझियालाई संरक्षण गर्न यसै वर्ष देखि पालिका स्तरीय झिझिया नृतय प्रतियोगिता संचालनमा ल्याइएको छ।
- गाउँपालिका भित्रका सार्वजनिक स्थलहरुमा सुरक्षित खानेपानीको लागि ६० वटा जडान सहितको निःशुल्क हेण्डपाइपको व्यवस्था मिलाइएको छ।
- फोहोरले पुरिएको नाला, कुलो तथा पैनीहरुलाई सरसफाई गर्ने कार्य संचालनमा रहेको छ।

**पूर्वाधार विकास तर्फका उपल्बधीहरु**

- यस आ.व. मा हाल सम्म ३ कि.मि. पक्की ढलान सडक, २ कि.मि. ग्राभेल सडक र ३.५ कि.मि. कच्ची सडक निर्माण भैरहेको छ।
- गाउँपालिका भित्रको सबै वडामा सडकको पहुँच पुगेको छ।
- गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा १८ वटा ट्रान्सफर्मर जडान गरी निःशुल्क सिंचाइको लागी Smart मिटरको व्यवस्था मिलाइएको छ।
- गाउँपालिकामा रहेको एकडारा स्वास्थ्य चौकीलाई १० सैयाको आधारभूत अस्पतालमा स्तरोन्नती गरी पूर्वाधार निर्माण कार्यलाई तिव्रता दिइएको छ।

**सुशासन तथा संस्थागत विकास तर्फका उपल्बधीहरु**

- राजस्व संकलन कार्यलाई पार्दर्शी तथा व्यवस्थित बनाउन अनलाईन प्रणाली लागु गरिएको छ।
- यस गाउँपालिका भित्रका वडा कार्यालयहरु, एकडारा अस्पताल चौक, एकडारा पाठशाला चौकमा CCTV क्यामरा जडान गरिएको छ।
- विद्यालय, स्वास्थ्य संस्थाहरु, वडा कार्यालयहरु र गाउँपालिकामा ई-हाजरी को व्यवस्था मिलाईएको छ।
- यस गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन LISA मा जिल्ला स्तरमा चौथो स्थान प्राप्त गरी ५९.५ अंङ्क प्राप्त गर्न सफल भएको छ।
- यस वर्ष निर्माण गरिएका केही कानुनहरु:
    - एकडारा गाउँपालिकाको वार्षिक तर्जुमा दिग्दर्शन, २०८१
    - एकडारा गाउँपालिकाको आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०८१
    - एकडारा गाउँपालिकाको बेरुजु फर्छयौट निर्देशिका, २०८१
    - एकडारा गाउँपालिका राजस्व सुधार योजना पारुपखाका, २०८१
    - एकडारा गाउँपालिका स्थानीय तहको सार्वजनिक खरिद नियमावली, २०८१
    - "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७७ (पहिलो संशोधन, २०८१)

- एकडारा गाउँपालिका रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- खानेपानी हेन्डपम्प वितरण सम्बन्धि कार्यविधि, 2081
- शिक्षा कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०८०)
- खर्च मापदण्ड निर्देशिका, २०८०
- जग्गा प्राप्ती कार्यविधि, २०८०
- गाउँपालिका कार्यविभाजन नियमावली, २०८१
- एकडारा गाउँपालिका अनुदान तथा आर्थिक सहयता दिइने कार्यविधि, २०८०

**समस्या तथा चुनौतीहरुः**

- ❖ नागरिकको अपेक्षा अनुसार कार्य गर्न प्राप्त बजेट नहुनु।
- ❖ आन्तरीक श्रोत न्यून रहेकोले बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनुपर्ने।
- ❖ आम जनतामा स्थानीय सरकारको नीति, नियममा बुझाइको कमी।
- ❖ यस पालिका भित्र सिंचाइको लागि भुमिगत जलमाथी निर्भरता रहेकोले।

यस एकडारा गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत क्षेत्रको विकासका लागि तपसिल अनुसार प्रतिबद्ध रही नीति अवलम्बन गरेकोछु।

## क. आर्थिक विकास क्षेत्र तर्फ :

**उपस्थित सभा सदस्य ज्यूहरु आर्थिक विकास अन्तर्गत कृषि र खाद्य सुरक्षा, सिचाई, पशु विकास, पर्यटन, उद्योग, सहकारी तथा वितीय सेवाको विकासको लागि निम्न नीतिहरु अवलम्बन गरेकोछु।**

**कृषि तथा पशु पंक्षी, सिंचाई र सहकारी तर्फ**

१. रसायनिक विषादीहरुको प्रयोग लाई निरुत्साहित गरिदै जैविक एवम् बनस्पति जन्य विषादीको प्रयोगमा अभिबृद्धि गर्दै जाने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ।

२. प्रारङ्गिक मल, हरियो मल लगायत जैविक मलको प्रयोगमा अभिवृद्धि ल्याई जैविक खेती तर्फ उन्मुख गर्दै लगिनेछ।

३. कृषि औजार उपकरणहरुको प्रयोगमा वृद्धि हुने गरी कृषिमा आधुनिकरण गरी उत्पादन लागत घटाउने र उत्पादकत्व वृद्धि गर्ने रणनीति अवलम्बन गरिनेछ।

४. रोजगारीको शिलशिलामा दिनानुदिन विदेशिने युवा जनशक्तिहरु लाई गाउँभित्रै रोजगारी सिर्जनाका लागि वेमौसमी एवम् उन्नत जातका तरकारी एवम् फलफूल खेती तर्फ उन्मुख गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

५. भू-वर्गिकरण कार्यलाई व्यवस्थित तुल्याई अनियन्त्रित वस्ती विकास लाई निरुत्साहित गरी व्यवस्थित वजारीकरण र कृषि औधोगिकरण कार्यमा सहजताका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

६. उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि माटो परिक्षण गर्ने कार्य संचालन गरिनेछ।

७. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि निर्वाहमुखी खेती प्रणालीलाई निरुत्साहित गरि व्यवसायीक खेती प्रणालीमा रुपान्तरण गरिनेछ। किसानलाई प्रत्यक्ष लाभ हुने गरी समयमै मल, उन्नत बीउ बिजन, प्राविधिक परामर्श सेवा तथा अन्य आवश्यक सामाग्रीहरुको उपलब्धता सुनिश्चित गर्नुको साथै उत्पादनको आधारमा अनुदान सहयोग उपलब्ध गराइनेछ।

८. सिंचाई विना कृषिमा अगाडी बढन असम्भव छ त्यसैले पालिका क्षेत्र भित्रमा सिंचाईका नहरहरुलाई सुदृढीकरण गरि स-साना शाखा नहरहरुलाई स्तरनोन्ती गरिदै किसानको प्रत्येक खेतमा सुलभ सिंचाईको लागि आवशयक नीति तथा मापदण्ड तैयार गरि कार्यन्वयन गरिनेछ।

९. नेपाल सरकारको नीति अनुरुप एकडारा गा.पा. लाई दुग्ध, फूल, मासु र माछामा आत्मनिर्भर गराउन अनुदानमा अधारित कार्यक्रम संचालन गरिनेछ।

१०. पशुपंक्षी जन्य उद्योग/व्यवस्यालाई प्रोत्साहित गरिनुका साथै प्रवर्द्धनात्मक नीति अवलम्बन गरिनेछ।

११. पालिकाभित्रका सहकारी संस्थाहरुलाई अभिलेखिकरण गरी सुदृढीकरण गरिनुका साथै COPOMIS मा आवद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।

१२. यस पालिकालाई माछामा आत्मनिर्भर गराउन भुरा उत्पादन तथा वितरणमुखि कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१३. एक वडा एक उत्पादन कार्यक्रमलाइ प्रथमिकताका साथ् लागु गरिनेछ|

१४. संघीय सरकार द्वारा प्राप्त हुने सम्पुरक अनुदान कार्यक्रमबाट कृषि सिचाइको लागि डीप ट्यूवेल जडान गरिनेछ|

१५. यस पालिकाभित्रका सम्पूर्ण कृषि तथा पशुपन्छी समबन्धि व्यवसायीलको तथ्यांक संकलन गरि दर्ता न रहेका व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गरिनेछ|

## पर्यटन क्षेत्रको पूर्वाधार विकास तथा प्रवर्धन

१६. यस पालिका भित्र रहेका सार्वजनिक पोखरी, मठ मन्दिरहरुको सौन्दर्यिकरण तथा उद्यान स्थापना गरिनेछ|

१७. पर्यटन प्रवर्द्धनको लागि वडा नं ३ मा रहेको रामजानकी मन्दिर परिसर क्षेत्र विकासको लागि पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८. स्थानीय महत्वका चाँड पर्व दशैं, तिहार, छठ, जितिया, जुडसितल, इदउलफितर, मोहमद डे, तजिया, सव-ए वारत, सोवरात लगायतका चांडपर्वहरु मनाउनको लागि आवश्यक सहयोग उपलव्ध गराईनेछ|

१९. यस गा.पा.अन्तर्गतका मठ मन्दिर,शिवालय, मस्जिद ,मदर्शा तथा धार्मिक संस्कृतिक संस्थाहरुको चल अचल सम्पतिको अभिलेखीकरण गरि स्थानीय सरकारको दायरामा ल्याइनेछ|

## श्रम, रोजगार तथा उद्यम विकास

२०. रोजगारीमा थप क्षेत्रहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप उपलब्धीमूलक बनाउन ठोस प्रकृतिका कार्यमा श्रमिक लगाइ स्थानीय साझेदारीमा न्यूनतम रोजगारी सृजना गरिनेछ।

२१. वैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरि उनीहरुलाई स्वरोजगारमूलक तालिम र सिपको परिक्षण गरि स्वरोजगार तर्फ उन्मुख गराइने छ।

२२. रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा अभिलेखिकरण गरिनेछ।

२३. यस पालिकाको वेरोजगारी समस्यालाई मध्यनजर गर्दै आन्तरिक रोजगारी सृजनाको लागि पञ्चवर्षिय स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२४. रोजगारी श्रृजनाको लागि स्थानीय स्तरमा रोजगारीको सम्भावना अध्यन गरि रोजगारी प्रवर्द्धनमा जोड दिइनेछ।

२५. स्वरोजगारलाई प्रवर्धन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत शिप विकास तालिम संचालन गरि घरेलु उत्पादनमा जोड दिई स्थानीय सतरमै रोजगारी सृजना गरिनेछ।

## ख. सामाजिक विकास क्षेत्र तर्फ :

**उपस्थित सभा सदस्य ज्यूहरु सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, सामाजिक समावेशिकरण, संरक्षण, खानेपानी सरसफाई, युवा तथा खेलकुद, कला, भाषा र संस्कृती विकासका लागि निम्न नीतिहरु अवलम्बन गरेकोछु।**

### शिक्षा, युवा तथा खेलकुद

२६. सबैको लागि शिक्षा सधैको लागि शिक्षा भन्ने अभिप्रायले विद्यालय भर्ना दर शत प्रतिशत पुर्याउन आवश्यक नीति अवलम्बन गरिनेछ।

२७. विद्यालय भर्ना नभएका, विद्यालय जाने उमेर समूहका वालवालिकाहरुको पहिचान गरी विद्यालय भर्ना गराउने प्रवन्ध मिलाइनेछ।

२८. धार्मिक विद्यालय एवम् मदर्सा लगायतका शैक्षिक संस्थाहरुलाई गाउँपालिकाद्वारा स्वीकृत पाठ्यक्रम अनुसार पठनपाठन गर्ने प्रवन्ध मिलाइनेछ।

२९. औपचारिक शिक्षाबाट वंचित विद्यालय उमेर समूह वाहिरका गाउँपालिकावासीहरुको लागि आवश्यक अनौपचारिक शिक्षाको प्रवन्ध मिलाइनेछ।

३०. समतामूलक समावेशी सिद्धान्तको अवलम्बन गरी धार्मिक, सामाजिक, साँस्कृतिक एवम् आर्थिक रुपले पिछडिएका वर्ग समूदायका विद्यार्थीहरुको लागि आवश्यक छात्रवृति सहित विद्यालय जाने वातारवरण सृजना गरिनेछ।

३१. शिक्षण सिकाइ कार्यलाई प्रभावकारी एवम् समयानुकूल वनाउन शिक्षकहरुका लागि क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाइनेछ।

३२. शिक्षालाई समय सापेक्ष उत्पादनसँग आवद्ध हुने किसिमको प्राविधि मैत्री वनाउन प्रयत्न गरिनेछ र भौतिक पूर्वाधारको विकास लाई निरन्तरता दिइनेछ।

३३. विद्यार्थी एवम् बालबालिकाहरुको शारिरीक एवम् मानसिक विकासमा संतुलनका लागि शारिरिक व्यायाम, योग, प्रणायम, खेलकुद, हाजरी जवाफ, शैक्षिक भ्रमण, वकतृत्वकला लगायतका अतिरिक्त कृयाकलापहरु संचालन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

३४. शिक्षण सिकाइ उपलब्धीको मापदण्ड अनुरुप उत्कृष्ट शिक्षक छनौट गरी उत्कृष्ट शिक्षक पुरस्कार बाट सम्मानित गरिने नीति अवलम्बन गरिनेछ ।

३५. दिगो शान्ति सु-व्यवस्था सहित समाजिक सहिष्णुताका लागि नैतिक एवंम चारित्रिक रुपले भरीपूर्ण समाजिक भावनाबाट प्रेरित नागरिक निर्माणका लागि विद्यालय पढने बालबालिकाहरु लाई रेडक्रस, स्काउट जस्ता समाजिक संस्थाहरुसँग आवद्ध गर्न पहल गरिनेछ ।

## स्थास्थ्य, पोषण तथा जनसंख्या व्यवस्थापन

३६. सुनौला हजार दिन कार्यक्रमको प्रभावकारी संचालनका लागि संचालित प्रसुती सेवा केन्द्रहरुको स्तरोन्ती सहित थप प्रसुती केन्द्रहरु विस्तार गर्दै लगिनेछ ।

३७. एकडारा गाउँपालिका एवं सरोकारवालाहरु सँगको समन्वय र साझेदारीमा **"पूर्ण सुरक्षित मातृत्व गाउँपालिका"**, **"पूर्ण खोप युक्त गाउँपालिका** र **"कुपोषण मुक्त गाउँपालिका"** घोषणा कार्यक्रमलाई अगाडी बढाइनेछ ।

३८. नसर्ने प्राणघातक तथा जटिल रोगको उपचारमा पहुँच पु-याउन **"स्वास्थ्य सुधार योजना"** को रुपमा सरोकारवालाहरु सँग समन्वय र सहकार्यमा सुधार गरि नीतिगत कार्यक्रम तथा सेवा उपलब्ध गराइनेछ ।

३९. समुदाय स्तरमा धरदैलो कार्यक्रम संचालन गरि जेष्ठ नागरिकहरुको स्वास्थ्यप्रति अति संवेदनशिल रही जेष्ठ नागरिक सँगको घरभेट कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था अविलम्बन गरिनेछ ।

४०.नागरिक आरोग्य सेवा केन्द्र द्वारा प्रवाहित सेवा अनुकूलका स्थानीय जडिबुटी, योग शिविर आयुर्वेद युक्त औषधि निःशुल्क रुपमा उपलब्ध गराउनको साथै उक्त आरोग्य केन्द्रको संचालन तथा व्यवस्थापन कार्यलाई प्रोत्साहन गरिनेछ ।

४१. महिला स्वास्थ्य स्वयं सेविका प्रोत्साहन सहितको मासिक यातायात खर्च रु. ३०००/- प्रदान गर्दै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४२. बालबालिकाहरुको स्वास्थ्य प्रति अति संवेदनशिल रही समुदाय स्तरीय एकीकृत बालरोग व्यवस्थापन कार्यक्रमलाई गम्भिरताका साथ प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

४३. एकडारा स्वास्थ्य चौकिमा संचालित स्वास्थ्य प्रयोगशालाको स्तरोन्ती र सेवा प्रवाहलाई सुदृढीकरण गरिनेछ ।

४४. प्रसुती सेवा केन्द्रमा २४ औ घण्टा काम गर्ने नर्सिङ्ग कर्मचारीहरुलाई रात्री खाजा वापतको रकम तथा सार्वजनिक विदाको दिन काम गरेवापत पाउदै आएको सेवा सुविधालाई निरन्तरता गरिनेछ ।

४५. यस गाउँपालिकाको आखा रोगीहरुका लागि आँखा परिक्षण तथा सेवा उपलब्ध गराउन सम्बन्धित निकायहरुसँग समन्वय गरि सेवा संचालन गरिनेछ ।

४६. चुरोट, विडी, जाड रक्सी, पान, गुटखा लगायतका नशालु एवंम सुर्तिजन्य पदार्थको सेवनमा कमी ल्याउन जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४७. एकडारा गाउँपालिकामा भएगरेका मेला महोत्सव समारोहहरुमा जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै स्थानिय स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।

**कला, भाषा तथा संस्कृति प्रवर्द्धन**

४८.संस्कृति संरक्षण, प्रवर्द्धनका लागि विभिन्न जातजाति भाषा भाषीहरुको कला र संस्कृति प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गर्नका लागि बजेट व्यवस्था गरिनेछ।

४९.मिथिलाका परम्परागत नाच कला लोप हुँदै गएका झिझिया लगायत अन्य संस्कृतिहरुलाई बढावा तथा लोप हुन बाट जोगाउनको लागि संचालित कार्यक्रमहरुको निरन्तरता दिइनेछ।

५०.पालिका स्तरमा संचालनहुने महोत्सवको रुपमा वडा नं १ र वडा नं ६ को दुर्गा पुजा ,वडा नं ३ को श्री श्री १०८ गणेश पुज्नोत्सव तथा वडा नं ५ को लक्ष्मी पुजा महोत्सव, वडा नं २ र ५ सह्लेश पुजा महोत्सव ,तजिया ,मोहमद डे,इद उल फितर लाई प्राथमिकतामा राखी निरन्तरता दिइने |

५१.लोप हुदै गइ रहेको स्थानीय लोक बाजा ढोल पिपही(सहनाई) लाइ संरक्षन तथा प्रवर्धन गरिनेछ |

५२.मिथिला सभ्यतालाइ जोगाउने उद्देश्य साथ यस पालिकाको एउटा सानो प्रयास **महिला संग उपाध्यक्ष कार्यक्रम** अन्तर्गत मिथिला पेंटिंग, हस्तकला प्रर्वधन, पाग निर्माण,तथा अन्य व्यवसायिक तालिम तथा स-साना घरेलु उद्योग उत्पादन कार्यक्रमहरुको निरन्तरता दिइनेछ।

५३.स्थानीय चाँड पर्व मनाउनको लागि स्थानीय टोल सुधार समिति मार्फत वस्तुगत सहयोग गरिनेछ |

**खानेपानी तथा सरसफाई**

५४.संघ तथा प्रदेश सरकारको नीति अनुसरण गर्दै यस पालिकाले प्रत्येक नागरिकलाई सरसफाईमा पहुच पुर्याउनको लागि गत विगत देखि गर्दै आएका एक घर एक चर्पी, एक घर एक खानेपानी सार्वजनिक स्थानहरुमा शौचालय तथा खानेपानी जडान कार्यलाई अगामी आ.व. मा समेत प्राथमिकताका साथ निरन्तरता दिइ तपसिलका उल्लेखित क्रियाकलापहरु संचालन गरिनेछ।

**तपसिल**

- यस अघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पुराना जडान भएका हैण्ड पाइपहरुको अभिलेख सहित पालिकाको जनताको शुद्ध खानेपानी मौलिक अधिकारलाई सुनिश्चित गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरि अति विपन्न तथा पिछिडिएको जातजातीहरुको लागि नि:शुल्क खानेपानी पाईप वितरण तथा जडान कार्यलाई निरन्तरता दिइने छ
- वडा नं. १ देखि ६ सम्म आवश्यक्ता अनुसार सार्वजनिक शौचालय तथा गिरिव विपन्न बर्गका व्यक्तिहरुलाई शौचालय निर्माण सामग्री उपलव्ध गराइनेछ।

५५.संघीय सरकार द्वारा प्राप्त विशेष अनुदानबाट स्वच्छ एवंम सुरक्षित खानेपानी आपूर्ति गर्ने उद्देश्यले खानेपानी ट्याङ्की निर्माण गरिनेछ।

५६.पालिका भित्रका परम्परागत इनार, कुवाहरुको खोज उद्धार गरी अतिक्रमण मुक्त गराइ जिर्णोधार गरी संरक्षण गरिनेछ।

**लैंगिक समानता तथा समावेशिकरण**

५७.अपांगता भएका व्यक्तिहरुलाई सहज रुपमा अपांगता परिचय पत्र उपलव्ध गराउने उद्देश्यले शिविर संचालन गरिनुका साथै वितरण भएका अपाङ्ग परिचयपत्रलाई अध्यावधिक गरिनेछ।

५८.यस पालिका अन्तर्गतका अपांगता भएका विधार्थीहरुलाई विद्यालयमा पहुँचको लागि विद्यालय पूर्वाधारहरु अपाङ्गमैत्री व्यवस्था गरिनेछ|

५९.सरकारको नीति अनुसरण गर्दै यस पालिकाले लैंगिक विभेद मुक्त समाज, समान पहुँचको वातावरण समावेशिताको सिद्धान्त आवलम्वन गरिने क्रियाकलापहरु संचालन गरिनेछ।

- नेपाल सरकारको नीति अनुसरण गर्दै यस पालिकाले लैंगिक विभेद मुक्त समाज, समान पहुँचको वातावरण समावेशिताको सिद्धान्त आवलम्वन गरिने क्रियाकलापहरु संचालन गरिनेछ।
- महिला र पुरुषको समान काम तथा सहभागिता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।
- गरिव तथा विपन्न दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला, लोपन्मुख समुदाय वञ्चितिकरण तथा वहिष्करणमा परेका समुदाय महिला तथा किशोरीको सशक्तिकरण, क्षमता विकाश, आयआर्जन गर्ने गरि आर्थिक समाजीक विकासको कार्यक्रम संचालन गरिनेछ।

## समाजिक सुरक्षा तथा संरक्षण

६०.हरेक नागरिकको बैंक खातालाई अनिवार्य गरि वृद्ध, वृद्धा एकल महिला, तथा अपाङ्ग नागरिकको समाजिक सुरक्षा भत्ता बैंक मार्फत व्यक्तिको खातामा सिधै **EFT** माध्यबाट पठाउने व्यवस्था मिलाउनुका साथै अति अशक्त व्यक्तिहरुका लागि बैंक सँग समन्वय गरि विशेष सेवाको व्यवस्था गरिनेछ।

६१.यस पालिकाबाट सामाजिक सुरक्षा भत्ता खाने सम्पूर्ण लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकोले अगामी आ.व. २०८१/०८२ अर्थात २०८१/०४/०१ गते देखि Biometric Verification का माध्यबाट नवीकरण तथा नयाँ दर्ता गरिनेछ।

६२.जातीय छुवाछुत र सामाजिक कुरिती, रुढीबादी अन्ध विश्वासको अन्त्य गर्न सास्कृतिक सुधार कार्यक्रम संचालन गरिनेछ।

६३.बृद्धा, अशक्त तथा एकल व्यक्तिका लागी आश्रमको व्यबस्था मिलाउन संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।

६४.गाउँपालिकामा बैंकिंग प्रणालीमा सहज पहुँच अभिवृद्धिको लागि थप क देखि ग वर्गको बैंक तथा वित्तिय संस्थालाई इजाजत दिने व्यवस्था यसै वर्ष मिलाइनेछ|

६५.यस गाउँपालिका क्षेत्र भित्रका दलित, विपन्न र गरिव परिवारका नागरिकहरुलाई लघु जिवन विमा कार्यक्रममा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक

६६.महिला हिँसा, लैंगिक असमानता उन्मुलनको लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ|

६७.विद्यालयमा अध्यनरत अपांग छात्र छात्राहरुलाई विशेष सुबिधा उपलव्ध गराइनेछ|

६८.पालिका स्तरीय बाल Folder तैयार गरिनेछ|

६९.बालबालिकाहरुको सर्वाङ्गिन विकासका लागि बालमैत्री स्थानीय शासन सम्बन्धी मापदण्ड पुरा गरी बाल मैत्री स्थानीय शासन घोषणा कार्यक्रमको नीति अवलम्बन गरिनेछ।

७०.जेष्ठ नागरिकहरुका लागि समय-समयमा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ।

## ग. पूर्वाधार विकास क्षेत्र तर्फ :

**उपस्थित सभा सदस्य ज्यूहरु पूर्वाधार विकास अन्तर्गत अवास, भवन, सडक तथा पुल, यातायात, विद्युत, उर्जा, सञ्चार विकासका लागि निम्न नीतिहरु अवलम्बन गरेकोछु ।**

### अवास, सडक, पुल, भवन र यातायात

७१.एकडारा गाउँपालिका भित्रका सम्पूर्ण वस्ती स्थित बाटो तथा गल्लीहरुको पक्की ढलान कार्यलाई निरन्तरता दिइनेछ ।

७२.वडा देखि पालिका जोड्ने सडकहरु लाई कालोपत्रे गरिनेछ |

७३.गाउँपालिका स्तरीय वडा नं. १ देखि ६ सम्मको सडक बाटो जोडी रिङ रोडको अवधारणालाई प्राथमिक्तामा ल्याइने छ ।

७४.प्रत्येक गाउँ टोलको जनसमुदायलाई सडकको पहुँच पुर्याउने गाउँदेखि मुल सडक वा राजमार्ग सम्म सडक स्तरोन्नती पुल पुलेसा, हयूम पाईप तथा नयाँ सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

७५.यस पालिका भित्र सिंचाईको आधुनिक संरचना तयार गर्ने नीति ल्याइने छ ।

७६.गाउँपालिकाको स्थानीय सडक ,ग्रामिण सडक ,कृषि सडक समबन्धि नीति ,कानुन, मापदण्ड, योजना बनाइ कार्यन्वयन गरिनेछ |

७७.४ मिटर ,६ मिटर र ८ मिटर सडकको मापदण्ड तैयार गरि कार्यन्वयन गरिनेछ |

७८.गाउँपालिका भित्रका हुलाकी सडक , जलेश्वर बर्दिबास सडक , वडा जोड्ने सडकहरुमा सडकको दुवै छेउमा वृक्षा रोपन गरिनेछ |

## घ. वातावरण तथा विपद व्यबस्थापन क्षेत्र तर्फ :

**उपस्थित सभा सदस्य ज्यूहरु वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ वन व्यवस्थापन, भु-संरक्षण, जलवायु परिवर्तन अनुकूलन, वातावरण, फोहोरमैला तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि निम्न नीतिहरु अवलम्बन गरेकोछु ।**

### वन, वातावरण, भु-संरक्षण तथा जलवायु परिवर्तन

७९.सार्वजनिक जग्गा, सडक पेटी, सार्वजनिक पोखरी, सामुदायिक विद्यालय, मठमन्दिरहरुको खुल्ला जग्गामा वृक्षारोपन गरि वातावरणीय तथा जलवायु परिवर्तनमा सुधार ल्याइनेछ ।

८०.हरित स्वास्थ्य संस्था निर्माण कार्यको थालनी गरि पालिका भित्रका स्वास्थ्य संस्थाहरुमा वृक्षारोपण तथा गमला ग्रिन प्लान्ट गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

८१.आँप, कटहर, जामुन लगायत अन्य जातका काठ पैदावारहरु वृक्षारोपण गरी वन विकासको माध्यबाट वातावरणिय संतुलन कायम गरी फलफूलको उत्पादन र काठ जन्य उद्योग व्यवसायहरु लाई प्रोत्साहन गरिदै लगिनेछ ।

### विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन

८२.यस पालिकाबाट संचालित विपद व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरिनेछ ।

८३.आगलागी नियन्त्रणका लागि बारुण यन्त्रको व्यबस्था मिलाउन संघ, प्रदेश तथा छिमेकी पालिकासंग समन्वयन गर्न पहल गरिनेछ

## ङ. सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फः

**उपस्थित सभा सदस्य ज्यूहरु सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गत नीति, कानुन, कार्यविधि, मापदण्ड तथा सुशासन, संस्थागत विकास, श्रोत परिचालन र योजना व्यवस्थापनका लागि निम्न नीतिहरु अवलम्बन गरेकोछु ।**

### नीति, कानून, कार्यविधि, मापदण्ड तथा सुशासन

८४.सार्वजनिक वितीय व्यवस्थापन अन्तर्गत यु.एस.ए.आई.डि. (USAID) को प्राविधिक सहयोगमा सार्वजनिक वितीय व्यवस्थापन परियोजना संचालनमा रहेको व्यहोरा अवगत गराउन चाहन्छु । सो परियोजना अन्तर्गत यस पालिकाको वितिय अनुशासन तथा जन उतरदायित्व कायम गर्न गराउन स्थानीय सार्वजनिक खरिद नियमावली, वेरुजु फर्छयौट निर्देशिका, आर्थिक कार्यविधि तथा उतरदायित्व नियमावली लगायत आवश्यक नीति ऐन, नियम कार्यान्वयन गरिनेछ ।

८५.स्थानीय सरकार संचालन निर्माण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त एवम् प्राभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

८६.गाउँपालिका तथा अन्तर्गतका निकायहरुबाट प्रवाह हुने सेवालाई नागरिकको घरदैलोमा सहज पहुच हुनेगरी एकीकृत घुमती सेवा संचालन गरिनेछ ।

८७.कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको लागि उत्प्रेरणादायी कार्यलाई अगाडी बढाइनेछ ।

८८.कार्यपालिकाको नियमित सूचना, सभा र कार्यपालिकको निर्णयहरु गाउँपालिकाको वेभसाईट तथा सामाजिक संजाल मार्फत सु-सुचित गरिनेछ ।

### संस्थागत विकास, श्रोत परिचालन र योजना व्यवस्थापन

८९.गाउँपालिकाको पहिचान झल्किने गरी लोगो निर्माण तथा पालिकाको नारा अविलम्ब तयार गरी लागु गरिनेछ ।

९०.पालिकाको राजस्व सुधार तथा वृद्धि गर्न राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै गाउँपालिकामा करको दर निर्धारण गर्दा प्रगतिशिल कर प्रणाली लागू गरिनेछ ।

९१.एकडारा गाउँपालिका न्यायिक समितिको सेवा सुदृढीकरणको लागि क्षमता अभिवृद्धि गरिनेछ ।

९२.संस्थागत विकासको लागि मौजुदा दरवन्दी मध्येको रिक्त दरवन्दीमा आवश्यक जनशक्ति परिचालन गर्न संघ, प्रदेश लोक सेवा आयोग मार्फत व्यवस्था मिलाइनेछ ।

९३.उपरोक्त संगठन संरचना वाहेकको जनशक्ति आवश्यक भएमा पालिकाको जनशक्ति व्यवस्थापन कार्यविधि अनुरुप व्यवस्था मिलाइनेछ ।

९४.समुचित विकास तथा प्रवर्द्धनको लागि यसै वर्ष देखि योजना बैंकको विकास गरिनेछ ।

९५.विषयगत शाखाबाट प्रावाह हुने सेवा प्रभावकारिताको साथै निष्ठा पुर्वक मुस्कान सहितको सेवा प्रावाह हुने अपेक्षा लिएको छु |

अतः यस नीति तथा कार्यक्रममा सहयोग गर्नु भएका सम्पूर्ण बुद्धिजीवी, नागरिक समाज, पत्रकारगण, व्यवसायी, सुरक्षा कर्मी, पार्टी प्रतिनिधि, कर्मचारीहरु लगायतका सम्पूर्णमा हार्दिक धन्यवाद दिदै आगामी आ.व.को अनुमानित बजेट यस प्रकार रहेको छ |

## अनुमानित बजेट

**संघीय सरकारबाट प्राप्त अनुदानहरु**

- वित्तिय समानिकरण अनुदान संघ – १०,२०,००,०००/- (दश करोड बीस लाख मात्र )
- सर्शत अनुदान संघ – १९,३५,५१,०००/- (उन्नाइस करोड पैंतीस लाख एकाउन्न हजार मात्र)
- विषेश अनुदान संघ – ३,८०,००,०००/- (तीन करोड अस्सी लाख मात्र)
- सम्पुरक अनुदान संघ – १,००,००,०००/- (एक करोड मात्र)
- राजश्व बाँडफाँड संघ – ८,१९,००,०००/- (आठ करोड उन्नाइस लाख मात्र)

**प्रदेश सरकारबाट प्राप्त अनुदान**

- वित्तिय समानिकरण प्रदेश – ७२,३५,०००/- (बहत्तर लाख पैंतीस हजार मात्र)
- सर्शत अनुदान प्रदेश – ८०,००,०००/- (अस्सी लाख मात्र)
- विषेश अनुदान प्रदेश –३०,००,०००/- (तीस लाख मात्र )
- समपुरक अनुदान प्रदेश – २०,००,०००/- (बिस लाख मात्र)

**आन्तरिक श्रोत**

- आन्तरिक राजस्व - ९१,००,०००/- (एकानब्बे लाख मात्र)
- नगद अल्या - १,००,००,०००/- (एक करोड मात्र)

- **चालु तर्फ २६,७०,१६,५००/- (छब्बीस करोड सत्तरी लाख सोह्र हजार पाँच सय मात्र)**
- **पुजीगत तर्फ १९,७७,६९,५००/- (उन्नाइस करोड सतहत्तर लाख उनान्सत्तरी हजार पाँच मात्र)**

**कुल जम्मा – ४६,४७,८६,०००/- (छियालिस करोड सड्चालीस लाख छियासी हजार मात्र)**

**धन्यवाद !**